म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ५६ २०८० पुस २८ गते शनिबार 13 January 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## कमानेमा ८ ए साइड फुटबल हुने

हेटौंडाः हेटौंडा-८, कमानेमा ८ ए साइड फुटबल हुने भएको छ । आज शनिबारबाट सुरु हुने प्रतियोगितामा १५ वटा टिमको सहभागिता रहने बताइएको हो ।

प्रतियोगिता हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माध्यमिक विद्यालयको खेलमैदानमा हुनेछ । कर्णावती युवा क्लबको आयोजनामा हुन लागेको फुटबल नकआउटका आधारमा खेलाइनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता हुने टिमले नगद १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।

### राष्ट्रियसभा सदस्य निर्वाचन

# आज निर्वाचन चिह्न प्रदान गरिने



**समाज संवाददाता**

हेटौंडाः राष्ट्रियसभा सदस्य निर्वाचनका लागि निर्वाचन कार्यालयले आज शनिबार निर्वाचन चिह्न प्रदान गर्दैछ । राष्ट्रियसभा सदस्य निर्वाचन आयोगको कार्यतालिकाअनुसार आज निर्वाचन चिन्ह प्रदान गर्न लागिएको हो ।

निर्वाचन कार्यालयले शुक्रबार बागमती प्रदेशको १५ जना उम्मेदवारको अन्तिम नामावाली प्रकाशन गरेको छ । निर्वाचनका सोमबार १५ जना उम्मेदवारले उम्मेदवारी दिएकोमा कसै उपर दावी बिरोध नपरेको र कसैले पनि उम्मेदवारी फिर्ता नलिएपछि अन्तिम नामावली प्रकाशन भएको हो । निर्वाचनका लागि सत्ता गठबन्धन दलबाट ४ जना, नेकपा एमालेका ४ जना, नेपाल मजदुर किसान पार्टीबाट ४ जना र राष्ट्रिय प्रजातन्त्र पार्टीका ३ जनाको उम्मेदवारी रहेको छ ।

सोमबार राष्ट्रियसभा सदस्य निर्वाचनको कार्यालय हेटौंडामा उपस्थित भएर मनोनयन दर्ता गरिएको हो । बागमती प्रदेशमा महिला समूहका लागि ४ राजनीतिक दलका, दलित समूहका लागि ३ राजनीतिक दलका, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायका लागि ४ राजनीतिक दलका र अन्य समूहका लागि ४ राजनीतिक दलका गरी जम्मा १५ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

मनोनयन दर्ता गराउनेमा गठबन्धनबाट नेपाली काँग्रेसका जीतजंग बस्नेत (ललितपुर) र विष्णुदेवी पुडासैनी (काठमाडौं) रहनु भएको छ । यस्तै, माओवादीबाट नुवाकोटका श्रीकृष्ण अधिकारीले उम्मेदवारी दर्ता गर्नु भएको छ । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीबाट दोलखाका घनश्याम रिजाल रहनुभएको छ । एमालेबाट दोलखाकी रोचकुमारी चौलागाईं, काठमाडौंका विवेक देवकोटा, धादिङका ध्रुव विश्वकर्मा र चितवनका त्रिलोचन निर्मल पौडेल रहनुभएको छ ।

नेपाल मजदुर किसान पार्टीबाट भक्तपुरका हिमालयश्वरलाल मुल, काठमाडौंका श्रीकृष्ण महर्जन, भक्तपुरका संगीता नेपाली र भक्तपुरका कृष्णलक्ष्मी दुवाल उम्मेदवार रहनुभएको छ । यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट चितवनका भरतमणि भट्ट, लमजुङका हेमजङ्ग गुरुङ, बालकुमारी डल्लाकोटी रहनुभएको छ ।

बागमती प्रदेशबाट राष्ट्रियसभा सदस्यमा ४ सिटको लागि निर्वाचन हुँदैछ । आज निर्वाचन चिन्ह प्रदान भएसँगै माग ११ गते निर्वाचन हुनेछ । बागमती प्रदेशमा प्रदेशसभा सदस्य १ सय १० जना र २ सय ३७ स्थानीय तहका प्रतिनिधि गरी ३ सय ४७ जनाले मतदान गर्नेछन् । हेटौंडा-४ स्थित भूटनदेवी माविमा बागमती प्रदेशको मतदानस्थल तोकिएको छ । निर्वाचनका लागि दुई मतदान केन्द्र तोकिएको छ ।

# कांग्रेसले गरेको कार्यहरुको प्रतिनिधित्व गर्नुपर्छः सभापति लामा



*नेपाली काग्रेसको आदिवासी जनजातीको कार्यक्रमलाई सम्बोधन गर्नुहुदै नेपाली काङ्गेस सभापति बुद्धलामा*

**समाज संवाददाता**

हेटौंडाः नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले सबै नेपाली कांग्रेसहरुले गरेको कार्यहरुको प्रतिनिधित्व गर्न सक्नुपर्ने बताउनुभएको छ । शुक्रबार नेपाली लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ नगर समितिले आयोजना गरेको निर्वाचित प्रमाणपत्र वितरण तथा बधाई कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कांग्रेस सभापति लामाले यस्तो बताउनुभएको हो ।

उहाँले कांग्रेसको पक्षबाट संविधानको निर्माण भएता पनि राम्रो नेतृत्व नभएको बताउनुभयो । रुपान्तरणको पक्षमा लोकतन्त्रको विकास गर्न जनजातिले ठूलो भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो । उहाँले ऐतिहासिकरुपमा नेपाली कांग्रेसलाई बलियो बनाउने कार्यमा जोड दिनुपर्ने बताउनुभयो ।

जनजाति र महिलाको अधिकार कार्यान्वयनमा ल्याउनुपर्ने उहाँको भनाइ छ । लोकतन्त्र र आदिवासी जनजातिको विषयमा थुप्रै कुराहरु आएकोले अरुमा निर्भर नपरेर श्रम तथा मिहिनेत गर्नुपर्ने स्पष्ट पार्नुभयो ।

नेपाली लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ नगर समिति अध्यक्ष हरकरत्न लामाले कार्यक्रममा सहभागी हुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले जनजाति महासंघको वडा अधिवेशन पुस २१ गते भएको बताउनुभयो । पालिका अधिवेशन माघ ६ गते, प्रदेश निर्वाचन क्षेत्र अधिवेशन माघ २१ गते, संघीय निर्वाचन क्षेत्र अधिवेश फागुन ५ गते हुने र जिल्ला अधिवेशन फागुन १९ गते हुने जानकारी दिनुभयो । यस्तै, बागमती प्रदेश अधिवेशन चैत १७ र १८ गते हुने र राष्ट्रिय महाधिवेशन २०८० सालको जेठ २७ र २८ गते हुने अध्यक्ष लामाले बताउनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको १९ वटै वडाबाट महासंघमा निर्वाचित भएका प्रत्येक वडाका ७ जना क्षेत्रीय प्रतिनिधि गरी १ सय ३३ जना प्रतिनिधिहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

महासंघ नगर अध्यक्ष लामाको सभाध्यक्ष तथा नेपाली कांगेसका सभापति लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, नेपाली कांग्रेस बागमती प्रदेश सदस्य चङ्गुरत्न लामा, जिल्ला सदस्य कालु घलान, नेपाली कांग्रेस आदिवासी महासंघ संघीय सचिव कविन सांगामी, जिल्ला अध्यक्ष पदम तितुङ, मकवानपुर जिल्ला क्षेत्र १ का सभापति सुशान्त श्रेष्ठ, मकवानपुर जिल्ला ट्रेड युनियनका सभापति यमबहादुर श्रेष्ठ र महिला संघ सभापति निलम देवकोटालगायतको उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन नगर प्रतिनिधि शान्ति स्याङ्बोले गर्नुभएको थियो ।

# माओवादी बागमतीमा झण्डै डेढ लाख सदस्य

काठमाडौंः नेकपा माओवादी केन्द्र बागमती प्रदेशमा पार्टी सदस्य एक लाख ४७ हजार ५५ रहेको छ । पार्टी रुपान्तरण विशेष अभियानअन्तर्गत् १३ वटै जिल्लामा माओवादीले सदस्यता नवीकरण र नयाँ सदस्यहरूको अद्यावधिक गरेको थियो ।

माओवादी बागमती प्रदेश सचिवालयले दिएको जानकारीअनुसार सिन्धुलीमा १४ हजार ५७८, ललितपुरमा ५ हजार ९८४, काठमाडौंमा १० हजार ६७९, चितवन २३ हजार ८७७ र काभ्रेमा १४ हजार ५१५ जना सदस्य रहेका छन् । यस्तै, धादिङमा १४ हजार ८३, दोलखामा १० हजार २५, नुवाकोटमा १० हजार २६६, रसुवामा एक हजार ५२१, भक्तपुरमा ३ हजार १७०, मकवानपुरमा ११ हजार ३४९, रामेछापमा ९ हजार ४२५, सिन्धुपाल्चोकमा १७ हजार ८९३ सदस्य रहेका छन् ।

नवीकरण गर्ने सदस्य र नयाँ आवेदन दिनेको जम्मा संख्या एक लाख २ हजार ५९० रहेको छ । जसमध्ये सिन्धुलीमा ७ हजार ७०१ ले नवीकरण र एक हजार ६८ जनाले नयाँ आवेदन दिएका छन् । ललितपुरमा ४ हजार ५४७ नवीकरण र ४३० नयाँ रहेका छन् । काठमाडौंमा ९ हजार ४४८ जनाको सदस्यता नवीकरण भएको छ । चितवनमा १८ हजार ८८४ सदस्य नवीकरण र एक हजार ८७६ जनाले नयाँ सदस्यता आवेदन दिएका छन् ।

यस्तै, काभ्रेमा १० हजार ५७५ नवीकरण, धादिङमा ९ हजार ३६८ नवीकरण र ८८९ नयाँ आवेदन परेको छ । दोलखामा ७५९ नवीकरण, १०० नयाँ, नुवाकोटमा ६ हजार ४९९ नवीकरण, २ हजार ३२८ नयाँ सदस्य रहेका छन् । र सुवामा एक हजार ४६३, भक्तपुरमा २ हजार ८०६ र मकवानपुरमा ९ हजार ४०३ सदस्य नवीकरण भएका छन् । त्यस्तै रामेछापमा ४ हजार ८९६ नवीकरण, ६८४ नयाँ सदस्य र सिन्धुपाल्चोकमा ७ हजार ९०५ सदस्यले नवीकरण गरेका छन् ।

बागमती प्रदेशको १३ वटै जिल्लामा ९५ हजार ९५४ जनाले सदस्यता नवीकरण गरेका छन् भने ६ हजार ६३६ जनाले नयाँ सदस्यताका लागि आवेदन दिएका छन् । नयाँ सदस्यका लागि आवेदन दिनेमा १४ हजार ११ जना रहेका छन् ।

*(स्रोतः रातोपाटी)*

# चितवनमा छुट्टाछुट्टै सवारी दुर्घटनामा २ जनाको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः चितवन जिल्लामामा भएको सवारी दुर्घटनामा २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । चितवन जिल्लाको भरतपुर महानगरपालिका र खैरहनी नगर पालिकामा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा एकै दिन २ जनाको मृत्यु भएको हो ।

भरतपुर नहानगरपालिका-७, क्यान्सर अस्पताल १ नम्बरको गेट नजिकै कारले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवन माडी नगरपालिका-६, रामराज्यपुर बस्ने ३५ वर्षीय कुलप्रसाद सापकोटा रहेको प्रहरीले जानकारी दिएको छ ।

बिहीबार राति ८ बजेर ३० मिनेटको समयमा टाइगरचोकबाट बुद्धचोकतर्फ जाँदै गरेको बा प्र ०३-००३ प १७७६ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ जाँदै गरेको बीएबी २८७५ नम्बरको कारले ठक्कर दिँदा सापकोटा घाइते भएका थिए । घाइते सापकोटालाई उपचारको लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा सोही राति ८ बजेर ४५ मिनेटमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । कार चालक सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका-११ बस्ने ४९ वर्षीय मेघराज सापकोटालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै, चितवन जिल्लाको खैरहनी नगरपालिका-२, चैनपुरचोकमा बोलेरोले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा राप्ती नगर पालिका-८, ब्रह्मनगर बस्ने ३० वर्षीय करण श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ ।

बिहीबार राति ८ बजेर ५० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गमा टाँडीबाट पर्सातर्फ आउँदै गरेको बा प्र ०३-००१ च १७२७ नम्बरको बोलेरोले प्रदेश ०३-०२-००६ प ९०६८ नम्बरको स्कुटरलाई ठक्कर दिँदा श्रेष्ठ गम्भिर घाइते भएका थिए । घाइते श्रेष्ठलाई उपचारको लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा ९ बजेर ४० मिनेटमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# लागूऔषधसहित विभिन्न स्थानबाट आठ जना पक्राउ

काठमाडौंः काठमाडौं, धनगढी, पोखरा, विराटनगर, झापा र नवलपरासीमा लागूऔषधसहित आठ जना पक्राउ परेका छन् । काठमाडौं चन्द्रागिरि नगरपालिका-२, नागढुङ्गाबाट लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ करिब २० ग्रामसहित झापा कमल गाउँपालिका-१, सरणपाडाका २८ वर्षीय सन्देश पाठकलाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गाबाट खटिएको प्रहरीले काँकडभिट्टाबाट काठमाडौं आइरहेको बसलाई जाँच गर्ने क्रममा त्यसमा सवार उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

झापाको मेचीनगर नगरपालिका-६ स्थित पुरानो मेची पुलबाट लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ १० ग्राम चार सय मिलीग्रामसहित दुई जनालाई बिहीबार राति पक्राउ गरिएको छ । गैरकानुनी गतिविधि गरेको अभियोगमा मेचीनगर नगरपालिका-१०, धुलाबारीका ४६ वर्षीय मोहन राजवंशी र उनकी श्रीमती ३६ वर्षीया दिलकुमारी छन् ।

पोखरा महानगरपालिका-१३, संगमटोलका २३ वर्षीय सागर परियार, विराटनगर महानगरपालिका-१५ एक नम्बर ढाटबाट २८ वर्षीय अशोक कार्की र नवलपरासीपूर्व मध्यबिन्दु नगरपालिका-१४, कोलटाँडीबाट रूपन्देही तिलोत्तमा नगरपालिका-२ का २८ वर्षीय रविसोम मगर र धनगढी उपमहानगरपालिका-१ कैलालीपुलबाट लागूऔषध ब्राउनसुगर एक ग्राम चार सय २० मिलीग्रामसहित दुई जनालाई गए राति पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

*(स्रोतः रासस)*

# राप्रपा नेपाल मकवानपुरले मनायो पृथ्वी जयन्ती

**समाज संवाददाता**

हेटौंडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाल मकवानपुरले पूर्वराजा पृथ्वीनारायण शाहको ३ सय २ औं जन्मजयन्ती मनाएको छ । शुक्रबार पार्टी कार्यालयमा एक कार्यक्रमको आयोजना गर्दै राप्रपा नेपाल मकवानपुर कमिटीले शाहको जन्मजयन्ती मनाएको हो ।

कार्यक्रममा बोल्नुहुँदै संविधानसभा सदस्य एवम् पूर्व एन्फा अध्यक्ष गणेश थापाले पृथ्वीनारायण शाह राष्ट्र निर्माता भएको बताउनुभयो । पृथ्वीनारायण शाहले राज्य एकीकरण नगरेको भए नेपाल नै नरहने उहाँको भनाइ थियो ।

पूर्वराजा शाहलाई सम्झिने क्रम पार्टीले सुरु गरेको उहाँले बताउनुभयो । पार्टीका अध्यक्ष कमल थापा सरकारमा सहभागी हुँदा पृथ्वी जयन्तीको अवसरमा सार्वजनिक विदा दिन सुरु गरेको स्मरण गर्नुहुँदै उहाँले अहिले त्यो अवस्था नरहेकोमा दुःख व्यक्त गर्नुभयो ।

पार्टीका मकवानपुर जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटाले पृथ्वीनारायण शाहको इतिहासलाई बिर्सन नहुने बताउनुभयो । नेपाल र नेपाली भन्न पाउने सूत्रधार पृथ्वीनारायण शाह रहेको उहाँले बताउनुभयो । देशलाई विश्वसामु चिनाउने देन पनि शाहको रहेको उहाँको भनाइ थियो ।

मुलुकमा पूर्वराजा शाहको उपदेशलाई कार्यान्वयन गरेर अगाडि बढेको भए समस्या नआउने उहाँले बताउनुभयो । देशमा अहिले शाहको उपदेश विपरित घुस र भ्रष्टाचारी बढेको उहाँले बताउनुभयो । चियापान कार्यक्रममा पार्टीकी केन्द्रीय सदस्य अम्बिका खतिवडालगायत पार्टीका नेता, कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# हामी नेपाली



**कृतिका बर्तौला**

सहजरुपमा भन्नुपर्दा नेपाली भनेको नेपालमा बस्ने नागरिक हो। नेपाल अनेक जात, अनेक धर्म र अनेक भाषाभेष मिसिएर बनेको छ। हामी नेपालीमा घमण्ड र स्वार्थ भन्ने भावना छैन। हामी निस्वार्थी र सत्यको बाटोमा लाग्ने मानिस हौं। हामी रिस, राग, कपट र छल कहिले गर्दैनौं। हाम्रो देश स्वर्ग झैं सुन्दर र चन्द्रमा झैं चम्किलो छ। हामी नेपाली एकतामा बसेर हरेक काम गर्छौं र सफलता प्राप्त गर्छौं।


हाम्रो देशमा एकपछि अर्को महान पुरुषहरुको जन्म भएको छ। जस्तै, पृथ्वीनारायण शाह, बलभद्र कुँवर आदि। उहाँहरुले देशमा ठूलाठूला काम गरी जानुभएको छ। उहाँहरुले देशका लागि केही न केही योगदान दिएर जानुभएको छ। हामी नेपाली तिनीहरुका छोराछोरी हौं र त्यसै कारणले हामीले पनि देशको लागि केही गर्नुपर्छ। उनीहरु नेपालमै जन्मेका थिए। उनीहरुको जस्तै हामीले पनि आफ्नो प्राणको चिन्ता नगरी देशलाई हरेक परिस्थितिबाट बचाउनुपर्छ।

हामी नेपालीले नेपाललाई विकासको बाटोमा अझ अगाडि लानुपर्छ। हामी नेपालीले कर्ममात्र गर्नुपर्छ, फलको अपेक्षा गर्नु हुँदैन। वीर गोर्खालीको रगत भएका हामी नेपाली हार मान्दैनौं र गौतम बुद्धको शिक्षालाई चारैतर्फ बाँड्छौं। हामी नेपाली आफ्नो ज्ञानले सबैलाई पवित्र बनाउनुपर्छ। हामी नेपालीले दुःख, सुख बाँडी हरेकलाई सहयोग गर्छौं र गरिबलाई कपडा, खाना, घर आदि दिन्छौं। हामी नेपाली दयालु छौं र परिश्रम गरी हरेक काम गर्छौं।

हामी नेपालीले एकतामा बसी देशमा परेको हरेक समस्यालाई समाधान गर्दै नेपाल आमालाई पिर परेको बेला हामी अगाडि बढ्छौं। हामीले आफ्नो देशलाई दियोजस्तो उज्यालो राख्छौं। हामी नेपाली अरुको भर पर्दैनौं। हामी आफूले नै कर्म गरी आफ्नो घरपरिवारलाई पाल्छौं।

*कक्षा-५, बालजागृति इङ्ग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# गजल



**डा. बच्चु कैलाश कैनी**

आफ्नै देशदेखि आजकल म दुर भएकोछु
समयसँगै बिदेशमा बस्दा म बेसुर भएकोछु।

आफ्नै मान्छेको पनि कत्ति याद छैन मलाई
कामको बोझले गर्दा म एकसुर भएकोछु।

भनिन्छ समय र नियतीले बदलिन्छ मान्छे
आजकल आफ्नै बेदनाले म क्रुर भएकोछु।

लाग्छ मेसिन हुँ म एकनासले सधैं चलिरहने
पैसाको पछि लाग्ने यहाँ म मजदुर भएकोछु

यस्तै रहेछ भावीले लेखेको मेरो भाग्य हजूर
परदेशी यो दुनियाँमा म महसुर भएको छु।

*डार्टफोर्ड, बेलायत/स्रोतः समकालिन साहित्य*

# अपराध



**शिबु ढकाल**

गाउँमा जघन्य अपराधको घटना घट्यो। यस्तो घटना कि सुन्नेको रौं नै ठाडो भयो। बाठाटाठा मानिने मेसरामको बीभत्स हत्या भयो।

"कसले गर्यो हत्या? यति बीभत्स तरिकाले हत्या गर्न सक्ने हत्यारा कति खुङ्खार होला?" सबैको मनमा त्यही प्रश्न थियो।

चमेलीले पनि त्यही सोची। कहाँबाट आएको कस्तो राक्षस होला त्यो। कस्तो अनुहार होला त्यसको। कस्तो सैतानी मस्तिष्क होला त्यसको। एउटा साधाराण मान्छेले त्यस्तो दारूण अपराध गर्नै सक्दैन। साधाराण मस्तिष्कले सोच्न पनि नसक्ने आपराधिक घटना।

"गाँउ छोडेर कोही पनि बाहिर नजानू।" अनुसन्धान अधिकारीले भन्यो।


त्यो सुनेर चमेली हाँसी। प्रहरीको यही तरिका उसलाई मन परेन। कहाँबाट आएको अपराधी कहाँ पुगिसक्यो। सीमानामा कडाइ गर्नु पर्ने गाँउलेलाई दुःख दिन्छ।

तीन दिनमै प्रहरीले अपराधी सार्वजनिक गर्यो। तल्लाघरे चिम्से।

*स्रोतः समकालिन साहित्य*

तपाईका साहित्यिक रचनाहरू
समृद्ध समाज दैनिकमा
प्रकाशन गर्ने ईच्छा भए
sambridhasamaj@gmail.com
समृद्ध समाज राष्ट्रिय दैनिक


# चित्रकला






विनिक श्रेष्ठ
कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२





दिपासना थापा
कक्षाः- १०, जिएस निकेतन, हेटौंडा-५





विमल बराल
कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२





सलिसा ताम्राकार
कक्षा-४ (अरानी), निर्मल मावि, हेटौंडा-१९

# कास्की जिल्लाको पोखरा भ्रमण

**आयाम सापकोटा**

हरेक वर्ष छुट्टिको समयमा म परिवारसँग भ्रमणमा जाने गर्दछु। यस वर्षको छुट्टिमा मेरी आमाको चाहनास्वरुप हामी कास्की जिल्लाको पोखरा भ्रमणमा निस्कियौँ।

भदौ महिनामा ३ दिन विद्यालय बिदा परेको थियो। सोही बिदामा हाम्रो पोखराको यात्रा तय भयो। भदौ १४ गते विहान ६ बजे हामी हेटौंडा बसपार्कबाट हिँडिसकेका थियौं। ३ घण्टामा मुग्लिन पुगेर हामीले खाना खायौं। दिनको एक बजेतिर हामी पोखरा पुग्दा हामी थाकिसकेका थियौं।

बाबाले खोज्नु भएको होटेलमा पुगेर सामान बिसाएपछि करिब ४ बजे हामी घुम्न निस्कियौं। हामीले त्यो साँझ फेवातालको वरिपरि घुमेर र तालबाराही मन्दिर दर्शन गरेर बितायौं। भोलिपल्ट बिहानै हामी सराङ्कोट पुगिसकेका थियौं। सराङ्कोटमा उदाउँदै गरेको सूर्य हेरेर बिहानको खाजा खाई हामी फेरि पोखरा फिर्ता आयौं।

दिनभरी डेभिज फल्स, सेती खोला, महेन्द्र गुफा, चमेरो गुफा, विन्दाबासिनी मन्दिर आदि घुमिसकेर होटल फर्किंदा झमक्क साँझ परिसकेको थियो। होटेलमा बेलुकीको खाना खाएपछि हामी फेरि पनि फेवातालको वरिपरि टहल्लिन पुग्यौं। राति करिब ९ बजे हामी होटल फर्किएर आराम गऱ्यौं। भालिपल्ट ८ बजेको बसले हामीलाई दिनको ३ बजे हेटौंडा ओराली दियो। धेरै रमाइलो र उत्साहपूर्वक पलहरु संकलन गर्दै हामीले तीनदिने पोखरा भ्रमण समापन गऱ्यौं।

*कक्षा-५, बालजागृति इङ्ग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# "मेरो परिचय नै पहिचान र विधा हो"



सम्झना सिग्देल

नमस्कार, म सम्झना सिग्देल। हाल म भूटनदेवी माध्यमिक विद्यालयको कक्षा १२ मा अध्ययन गर्दै आइरहेकी छु। मेरो बाबा नारायणप्रसाद सिग्देल र आमा सावित्री सिग्देल हुनुहुन्छ। हामी अहिले हेटौंडा-१०, बैङ्करोडमा बस्छौं।

मेरो जन्म २०६२ साल असार १३ गते नुवाकोट जिल्लाको तारकेश्वर गाउँपालिकामा भएको हो। कक्षा ४ सम्म त्यहीँको ब्राइटस्टार बोर्डिङमा अध्ययन गरेँ। त्यसपछि म र मेरो परिवार २०७१ साल चैत २७ गते यहाँ बसाईं सरेर आयौं। सुरुमा हामी हेटौंडाको राजदेवीमा बसाइँ सरेर आएका थियौं। मैले राजदेवी माध्यमिक विद्यालयमा कक्षा ५ बाट अध्ययन सुरु गरेँ। त्यसैबीचमा हाम्रो व्यवसाय बजार मा भएकाले हाम्रो परिवार फेरि बजारमा बसाइँ सऱ्यो। फेरि मैले भूटनदेवी माध्यमिक विद्यालयमा कक्षा ६ बाट अध्ययन सुरु गरेँ।

मेरो अध्ययन मध्यम भए भएता पनि कक्षा ६ देखि कक्षा ८ सम्म अध्ययन राम्रो हुँदै गयो। १० कक्षाको एसईईमा उत्कृष्ट नम्बर ल्याई पास गरेँ। त्यसैक्रममा मैले यस विद्यालयमा अध्ययन गरेर यहीँको वातावरण, पढाइलेखाइ र अनुशासन साथै शिक्षकहरु पनि सहयोगी महसुस गर्न पाएँ। त्यसैकारण मैले कक्षा ११ पनि भूटनदेवीमै पढ्ने निधो गरेँ र अध्ययन सुरु गरेँ। यहाँको नियमहरु, अनुशासन झन मन पर्दै गयो। कक्षा ११ मा पनि उत्कृष्ट नम्बर ल्याएर पास गरेँ।

अहिले म कक्षा १२ मा कमर्स विषय लिएर अध्ययन गरिरेहेको छु। यसरी नै आगामी दिनमा कक्षा १२ मा पनि उत्कृष्ट नतिजा ल्याई स्कूलको नाम राख्नेछु भन्ने आशा गरेकी छु। यस विद्यालय (भूटनदेवी) मा अध्ययन गर्न पाउँदा मैले आफूलाई भाग्यमानी महसुस गर्दै आइरहेको छु। यसरी नै हामीले हाम्रो पहिचान, ज्ञान, दक्षता र क्षमता पाउन भविष्यको लागि आफ्नो बारेमा सोच्नुपर्छ। हामीलाई हाम्रो गुरुहरुले सिकाउनु भएको मार्गमा अगाडि बढ्नुपर्छ।

*धन्यवाद।*

# पृथ्वीनारायण शाह



राधेश्याम लेकाली

उसले मधेश, पहाड र हिमाललाई
एउटै किल्ला बनायो
जुन माटोमा गर्वका साथ उभिएर
आज तिमी सत्ता राजनीति गरिरहेछौ,
हो,
सिमानाबाट भित्रिने बैरीहरूलाई
उसले लखेटेकै हो
जुन सिमानाबाट
आज तिमीले देशद्रोहीहरू भित्राइरहेछौ ।

उसले साझा फूलबारी बनाएकै हो
जून फूलबारीमा उभिएर
आज तिमीले विभाजन कोरिरहेछौ,
उसले एकीकरण र एकताको कुरा गरेकै हो
जुन सत्यलाई चिर्दै
आज तिमीले खण्डित र विभाजित गर्ने प्रपञ्च रचिरहेछौ,
उसले बैरीहरूको शिर काटेकै हो
जुन बैरीका सामु
आज तिमीले शिर निहुँराइरहेछौ,
उसले स्वाधिनता र स्वाभिमानको कुरा गरेकै हो
जुन गौरवलाई टेकेर
आज तिमीले परतन्त्र र कायर कुरा गरिरहेछौ,
उसले आमजनतालाई आत्मनिर्भर बनाएकै हो
जुन जनतालाई
आज तिमीले अभावै अभावमा राखेका छौ,
उसले शिर उठाउन सिकाएकै हो
जुन स्वाभिमानलाई
आज तिमीले शिर झुक्याउने बनाएका छौ ।

हो,
टुक्रा-टुक्रा राज्यलाई जोडेर
उसले साम्रायवादी शैलीमा
यो देशको निर्णय गरेकै हो,
हो,
स-साना अस्तित्वलाई समाप्त गरेर
सिङ्गो देशको अस्तित्वलाई बनाएकै हो
तिमीले भनेजस्तै ऊ साम्राज्यवादी हो
तिमीले भनेजस्तै ऊ निरंकुश हो ।

यतिबेला उसको कुरा छोडेर
तिम्राबारे कुरा गरौं
आज तिमी के गरिरहेछौ ?
देशलाई उँधोगतिमा लाँदैछौ
देशको अस्तित्व समाप्त गरिरहेछौ
आफू बाँचेका छौ आमजनता मारिरहेछौ
देशलाई स्वार्थमा अनुवाद गरिरहेछौ ।

# म पृथ्वीनारायण शाह



विश्वविमोहन श्रेष्ठ

जोडेर धेरै मनहरू
फोडेर धेरै किल्लाहरू
यो देश बनाउने
अपराधी मै हुँ
गुमनाम तिमीलाई
नाम दिएर
स्वाभिमान तुल्याउने
अपराधी पनि मै हुँ ।


जजस्ले आँखा लगाए
यो माटोमाथि
गर्दन रेटेर तिनीहरूको खुँडा पखाल्ने पनि मै हुँ
हो, यो देश बनाएर अपराध गरेको भन्छौ भने
त्यो अपराधी पनि मै हुँ
हो, यो देश बनाउने अपराधी मै हुँ ।

तिमीले उठाएको त्यो रातो झण्डा फहराउने
अपराधी मै हुँ
तिम्रो धमनीमा हरदम बहने
चेतनाको ज्वाला मै हुँ
बारबार झुकाएर आफ्नो शिर तिम्रो शिर उठाउने
अपराधी पनि मै हुँ
यो गुम्बा बनाउने मै हुँ
यो गिर्जा ठड्याउने मै हुँ
मस्जिद, मन्दिर पुज्ने मै हुँ ।

चर्केर चिराचिरा भएको पीडालाई पखालेर
सग्लो देश बनाउने अपराधी पनि मै हुँ
हो, जजस्ले घात गरे यो माटोमाथि
ती फिरङ्गीलाई लखेट्ने अपराधी पनि मै हुँ
थाकेर लखतरान हर साँझ तिम्रो नानीसँग
कोक्रोमा निदाउने त्यो निशा पनि मै हुँ
हर बिहान झुल्केर घामसँग
तिम्रो अनुहारमा पोखिने
उज्यालो पनि मै हुँ ।

*(साहित्यपोष्टबाट)*

# मुटुमा छ नेपाल




सरोजप्रसाद साह

म हुँ नेपाली, मेरो छातीमा छ हिमाल
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल
मेरो इच्छामा नेपाल,
मेरो प्रेरणामा नेपाल
मेरो लक्ष्यमा नेपाल



मुटुमा, मुटुमा, मुटुमा छ नेपाल
म हुँ नेपाली,
मेरो बुद्ध छ महान्
ढुङ्गा ढुङ्गामा नेपाल,
वन र पन्छीमा नेपाल
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल

हामी नेपाली नै कोसी हौँ
हामी नेपाली नै गुराँस हौँ
हामी नेपाली गोर्खाली हौँ
देशका लागि त, ज्यान दिन तयार हौँ
किनकि
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल
शान्ति र पवित्रता, यो देशको पहिचान
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल



# सताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: समय ठिकै छ । रोजगारीको नयाँ अवसर प्राप्त हुने समय छ । अप्रत्याशित स्थानबाट फाइदा लिन सकिने समय छ । लगनशील र मिहिनेतको प्रतिफल प्राप्त हुने समय छ । लाभदायक यात्राको समय योग छ । आफूभन्दा ठूला व्यक्तिको सल्लाहले काम गर्दा राम्रो रहनु । व्यापार–व्यवसाय मध्यमकारक छ । धार्मिक, सामजिक र लेखाइ पढाइका काममा समय व्यतित ।

**वृष राशि**: शरीर फूर्तिलो बन्ने छ र रोकिएका कामहरु बन्न थाल्नेछन् । धार्मिक तथा आध्यात्मिक गतिविधिमा मनको आकर्षण बढ्ने छ । वरिष्ठ व्यक्तिको सहयोग प्राप्त होला । कार्यस्थलमा विशेष भूमिका निर्वाह निर्वाह होला । हाँके/ताकेका काममा भाग्यले साथ दिइनेछ । व्यापार–व्यवसायबाट आयमा बढोत्तरी होला । आत्मबल र हिम्मत बढ्ने समय छ । साँस्कृतिक काममा मन जाला ।

**मिथुन राशि**: जोखिम र संकल्पबाट बच्नुपर्ला । दुराशा र महत्वकांक्षालाई त्याग गर्दा राम्रो । व्यापार कारोबार गर्नेका लागि लेनदेनमा दबाब बढ्न सक्छ । वादविवाद र झैँ–झगडा आदि समस्याहरुमा सजगता अपनाउँदा राम्रो । आध्यात्मिक गतिविधिमा सरिक भइने छ । अध्ययन–अध्यापनका कार्यमा सरिक भइने छ । गोपनियतामा ध्यान दिनुपर्ला । हात हतियारबाट बच्दा राम्रो ।

**कर्कट राशि**: शरीर स्वस्थ र बुद्धि निर्मल रहने सुन्दर समय छ । अनुराग, स्नेह र रोमाञ्चक बढ्ने समय छ । नसोचेका कार्यहरु सम्पन्न हुनेछन् । पेशामा खटे अनुसारको परिणाम प्राप्त होला । साँझेदारी कामबाट लाभ प्राप्त होला । आनन्द र रमणीयताका लागि समय व्यतित होला । व्यापार–व्यवसाय मध्यमकारक । धार्मिक र आध्यात्मिक काममा समय व्यतित होला ।

**सिंह राशि**: मनमा शान्ति र सन्तोष प्राप्तिको समय छ । रिस, आवेग, र क्रोधलाई नियन्त्रण गरेर काम गर्दा राम्रो हुन्छ । जग्गाजमिन सम्बन्धि कारोबारमा मन जाला । शारीरिक थकान, बेचैनीको समय छ । व्यापार–व्यवसाय मध्यमकारक रहने छ । वैदेशिक कामबाट तनाब बढ्ला । तर्क र बहसमा विजय प्राप्त होला । अध्ययन–अध्यापन मध्यमकारक रहनेछ ।

**कन्या राशि**: बन्दव्यापार र पेशागत जीवनमा सामान्य समय छ । सहकर्मी/गुरुजनहरुको परामर्शले अगाडि बढ्दा राम्रा रहने छ । बिचारको कदर हुने समय छ । भाइबहिनीको क्रियाकलापबाट सन्तुष्टि मिल्ला । प्राविधिक र सीपमूलक कामबाट लाभ प्राप्त हुने समय छ । गोपनीयता कायम राखी काम गर्दा राम्रो । यात्रामा सरिक भइने छ । धार्मिक कृत्यमा मन जाला ।

**तुला राशि**: उज्यालो हुँदा दिकदारी वा तनावमा वृद्धि हुने छ । मनको अस्थिरता र अधैर्यता त्यागेर हिम्मतका साथमा अघि बढ्ने प्रयास गर्दा राम्रो । इष्टमित्र साथी संगीबाट सहयोग प्राप्त होला । शरीर स्वस्थ रहने समय छ । साँझेदारी र मित्रवत् व्यवहारबाट व्यापार–व्यवसायमा वृद्धि होला । यात्रा योग र धार्मिक कृत्यमा सरिक भइने छ ।

**वृश्चिक राशि**: दाजुभाइबाट सुख प्राप्त हुने समय छ । आध्यात्मिक भावनाको विकास हुने तथा सेवामूलक र परोपकारी काममा खट्नुपर्ने समय योग छ । दीन दुःखीको सेवामा लागि परिने समय छ । धार्मिक तथा सामाजिक काममा प्रशंसित हुने समय छ । कार्यप्रणालीमा सकारात्मक परिवर्तन होला । हाँके ताकेका कामहरु पूर्ण हुने छन् । अध्ययन–अध्यापनका काममा समय व्यतित होला ।

**धनुराशि**: चल/अचन धनको उपयोगबाट फाइदा उठाउन सकिने छ । आर्थिक दृष्टिले उपयोग समय छ । मिहिनेत र परिश्रमको धनगमको स्रोत बढ्ने समय छ । कामधामले प्रगतिको बाटो समात्ने छ । अध्ययनका साथै सीप र ज्ञान बढाउने विषयमा प्रगति हुनेछ । स्थास्वयमा सकारात्मक संकेत प्राप्त होला । पढाइ लेखाइ मध्यम छ ।

**मकर राशि**: कमी कमजोरी प्रायश्चित गरेर अगाडि बढ्दा राम्रो होला । हाके/ताकेका काममा सफलता मिल्ने छ । सिर्जनात्मक र स्यनात्मक काम शुरु हुनेछ । रमाइलो जमघटको समय योग छ । भेट्घाटको समय छ । शक्ति र सामयको प्राप्ति हुने समय छ । घमण्ड र अहंकारबाट टाढा रहँदा राम्रो । कार्यक्षमता र प्रतिमा बाउने समय योग छ ।

**कुम्भ राशि**: खर्च वृद्धि हुने समय छ । परोपकारी काम, धानिक/सामाजिक आदि ठाउामा धनण्यय हुने छ । शरीरमा उत्साह र उमङ्ग देखिने समय छ । मनोरजनात्मक क्षेत्रमा खर्च बढ्ने छ । धार्मिक तथा ऐतिहासिक क्षेत्रको भ्रमण होला । व्यापार–व्यवसाय मध्यम रहने समय छ । गृहिणीका लागि तनाव बढ्ने समय छ ।

**मीन राशि**: जग्गा जमिन/शेयर कारोबारमा लगानी बढ्ला । जिम्मेवारी र कर्तव्यप्रति सचेत हादै इज्जत र प्रतिष्ठा दुवै पक्षमा फाइदा हुनेछ । सबैले सहयोग गर्ने समय छ । नयाा कार्य र परियोजनाहरुमा उपस्थिति होला । विशेष साथीपनि प्राप्त हुने समय छ । अर्काको सहयोगका लागि समय व्यक्ति होला । यात्रामा सरिक र भेटघाटमा रमाइला धार्मिक र आध्यात्मिक काममा सरिक । परोपकारजन्य कामबाट लाभप्राप्त ।

## गाउँखाने कथा

१. माथितिर फर्किएर बस्ने सानी नानी, मीठो त्यति नभए नि दुनियाँले खानी ।
- सुपारी

२.जतातत‌ै डुलिहिँड्छ भरोसाचाहिँ छैन, नभए नि उसको साथ काम चल्ने होइन ।
- रुपियाँ, पैसा

३. अघिल्तिर स्थान हुन्छ पछिल्तिर पात, प्रत्येक दिन प्रातकालमै घर घर डुल्ने जात ।
- पत्रपत्रिका

४. उज्यालोमा भन्दा पनि अँध्यारोमा राम्रो, बहुमूल्य सबै भन्छन् रत्न हो यो हाम्रो ।
- हिरा

५. गाउँदै गीत रातभरि मस्तसँग नाच्छ, चुम्न पाए कसैलाई मस्तसँग बाँच्छ ।
- लाम्खुट्टे

६. सानो-सानो थालमाथि गजबको छ ताल, त्यसमाथि पौडी खेल्ने साहै मीठो माल ।
- सेलपुरी

७. देख्दा भने सूर्यजस्तो हुँदा भने चिसो, निचोरेर पकाउँदा खाना हुन्छ मीठो ।
- सूर्यमुखी फूल

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको
Papcytology स्पेसल जाँचहरु गरिन्छ ।



-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# जा तन्नेरी, खाडी जा !



गोकर्णराज बन्जाडे

चुहिने छानो, फुटेका पाउ
सामन्ती कर्दले काटेका घाउ
सिलाउन भन्दै फाटेको मन,
च्यातेको भोटो र साडी जा !
कलेजो, किड्नी जचाइहाल्,
जा तन्नेरी खाड़ी जा !!

स्वदेशका भ्रष्ट पाल्नुछ तैँले
परदेशमा हड्डी गाल्नुछ तैँले
खेत खलियान राखेर बाँझै
बनाई बारी झाडी जा !
दलाललाई पासपोर्ट बुझाइहाल्,
जा तन्नेरी खाडी जा !!

जिन्दगी उतै कटाउनुपर्छ
रेमिटेन्स यतै पठाउनुपर्छ
यौवना पत्नी, चिचिला बच्चा,
जीर्ण बाआमा छाडी जा !
लालपुर्जा साहुलाई थमाइहाल्,
जा तन्नेरी खाडी जा !!

जोगाउन यिनका रवाफहरू
नगरी सवाल-जवाफहरू
स्वदेशमै उद्यम-इलमको सपना
हिलोमै गाढी जा !
नवाफलाई छाती देखाइहाल्,
जा तन्नेरी खाडी जा !!

सकसमा फेर्ने श्वासमा पनि,
बाकसमा फिर्ने लासमा पनि
कमिसन घिच्ने सरकारी मन
छाम्दै छमाउँदै नाडी जा !
एयरपोर्टमा पंक्ति मिलाइहाल्,
जा तन्नेरी खाडी जा !!
*(बाह्रखरीबाट)*



### बकैयास्तरीय फुटबल प्रतियोगिता

# सिनियरतर्फ वडा नम्बर ५ फाइनल प्रवेश



*फाइनल प्रवेश गरेका वडा नम्बर ५ को टिम*

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा जारी पाँचौं संस्करणको पालिकास्तरीय फुटबल प्रतियोगितामा सिनियरतर्फ वडा नम्बर ५ फाइनलमा प्रवेश गरेको छ। शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा वडा नम्बर ४ लाई ट्राइब्रेकरमा ४-३ गोलले हराउँदै वडा नम्बर ५ फाइनलमा प्रवेश गरेको पालिकाका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले बताउनुभयो ।

निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । खेलको म्यान अफ द म्याच ५ नम्बरका गोलरक्षक सुजन लामा घोषित भए । फाइनल प्रवेश गरेको ५ नम्बरले उपाधिका लागि वडा नम्बर ३ र ९ बीचको विजेतासँग खेल्नेछ। ३ नम्बर र ९ नम्बरबीचको दोस्रो सेमिफाइनल खेल शनिबार हुँदैछ ।

प्रतियोगिताअन्तर्गत् जुनियरतर्फको दोस्रो सेमिफाइनल खेल विवादका कारण रोकिएको थियो। शुक्रबार जुनियरतर्फ वडा नम्बर १ र १० बीच खेल प्रतिस्पर्धा भइरहँदा विवाद भएपछि अर्को निर्णय नआएसम्मका लागि खेल रोकिएको अध्यक्ष थिङले बताउनुभयो।

पालिकाले यसअघि वडाभित्रका खेलाडीले मात्र प्रतियोगितामा सहभागी जनाउन पाउने भनेर सूचना निकाले पनि वडा नम्बर १ ले बाहिर जिल्लाका खेलाडी समावेश गरेर खेलाएपछि खेलमा विवाद भएको हो । शुक्रबार साँझ आयोजकले वडा नम्बर १० लाई विजयी घोषित गरेको छ। खेल स्थगित हुँदा २-१ गोल अन्तरले वडा नम्बर १० अगाडि रहेको कारण उक्त वडा विजयी घोषित भएको हो ।

सेमिफाइनलमा विजयी भएसँगै वडा नम्बर १० फाइनल प्रवेश गरेको छ । वडा नम्बर १० र ११ बिच जुनियरतर्फको फाइनल खेल हुनेछ। जुनियरतर्फ यसअघि वडा नम्बर १२ लाई पराजित गर्दै ११ नम्बर फाइनलमा प्रवेश गरिसकेको छ ।

प्रतियोगिताको फाइनल खेल पुस २९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता सिनियर र जुनियर टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# पृथ्वीजयन्तीको अवसरमा रक्तदान

समाज संवाददाता

हेटौंडाः ३०२ औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा रक्तदान कार्यक्रम भएको छ। हेटौंडाको बुद्धचोकमा भएको रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

शुक्रबार राष्ट्रिय प्रजातन्त्र पार्टीको आयोजनामा भएको कार्यक्रममा ४ जना महिला र ३१ जना पुरुषले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । आइतबार हेटौंडा-९, पशुपतिनगरमा महर्जन परिवारको आयोजनामा रक्तदान कार्यक्रम हुँदैछ ।

# जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड माघ १२ गतेदेखि हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लास्तरीय १४ औं संस्करणको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आगामी माघ १२ गतेदेखि हुने भएको छ। शुक्रबार जिल्ला खेलकुद विकास समिति मकवानपुरको बैठकले प्रतियोगिता माघ १२ गतेदेखि सुरु गर्ने निर्णय गरेको कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिनुभयो ।

प्रतियोगितामा सहभागी जनाउनका लागि स्थानीय तहहरुले माघ १० गतेसम्ममा खेलाडीहरुको वितरण बुझाएर दर्ता गर्नुपर्ने प्रमुख कोइरालाले बताउनुभयो। मकवानपुरको सबै स्थानीय तहहरुले पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता सम्पन्न गरिसकेको छ। माघ १४ गतेसम्म चल्ने प्रतियोगितामा भलिबल, कबड्डी र एथलेटिक्सका खेलहरु सञ्चालन हुनेछ ।

जिल्लास्तरीय छनौट प्रतियोगिता सम्पन्न भएपछि प्रदेशस्तरीय छनौट खेल खेल्न १ सय १५ जना खेलाडीहरुलाई बन्द प्रशिक्षणमा राख्ने उहाँले बताउनुभयो। गएको संस्करणमा एक हप्ता खेलाडीहरुलाई बन्द प्रशिक्षणमा राखेको खेलकुद विकास समितिले यसपटक भने दुई हप्ता प्रशिक्षणमा राख्ने निर्णय गरेको उहाँले बताउनुभयो। खेलाडीहरुलाई अझ तयारी पुगोस् र नतिजा राम्रो होस् भन्नका लागि बन्द प्रशिक्षणको समय बढाउन लागेको प्रमुख कोइरालाले बताउनुभयो ।

# गढीमा टिपर दुर्घटना हुँदा पाख्रिनको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-१, बाँदर खोल्सीमा टिपर अनियन्त्रित भएर सडकबाट खस्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा हेटौंडा-१५, रातोमाटेका २२ वर्षीय सुकदेव पाख्रिन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो।

बिहीबार राति १२ बजेर ३० मिनेटको समयमा भित्री सडकखण्डमा लेनडाँडाबाट बाँदरखोल्सीतर्फ जाँदै गरेको बा प्र-०३-००१ ख १४८९ नम्बरको टिपर आफैं अनियन्त्रित भएर सडकबाट १ सय ५० मिटर तल खस्दा पाख्रिन गम्भीर घाइते भएका थिए । घाइते पाख्रिनलाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएकोमा उपचारको क्रममा २ बजेर १२ मिनेटको समयमा मृत्यु भएको प्रहरी नायव उपरीक्षक भण्डारीले जानकारी दिनुभयो।

# मकवानपुरगढीमा अन्तरपालिका फुटसल हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा आज शनिबारदेखि चौथो संस्करणको अन्तर गाउँपालिकास्तरीय शहीद रुद्र पाख्रिन/बासुदेव घिमिरे स्मृति फुटसल प्रतियोगिता हुँदैछ। प्रतियोगितामा २ वटा आयोजक टिमसहित ११ वटा टिमको सहभागिता रहेको छ ।

पालिका खेलकुद विकास समितिले आयोजना गरेको प्रतियोगिताका लागि पालिकाबाट ४ लाख रुपैयाँ प्राप्त भएको छ। लिग चरणमा सञ्चालन हुने प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख २५ हजार रुपैयाँ र उपविजेता टिमले ७५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट गोलरक्षकले पनि पुरस्कार प्राप्त गर्नेछन् ।

प्रतियोगितामा ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नाराका साथ पालिकाले ३ वर्षदेखि प्रतियोगिताको आयोजना गर्दै आएको छ। प्रतियोगिताको उद्घाटन बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले गर्नुहुनेछ ।

## सुचना ! सुचना !! सुचना !!!

**मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा माघ १२ गतेदेखि १४ गतेसम्म हुन गइरहेको १४ औं जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागिताका लागि जिल्लाभित्रका सम्पुर्ण स्थानीय तहहरुलाई अनुरोध गर्दछौं । प्रतियोगितामा सहभागि जनाउनका लागि माघ १० गतेभित्रसम्ममा जिल्ला खेलकुद कार्यालयमा उपस्थित भएर खेलाडीहरुलाई निर्धारण गरेको मापदण्ड अनुसारको प्रमाण खुल्ने कागजातहरु बुझाएर दर्ता गर्नुहुन अनुरोध गर्दछौं । यद्यपी छुटन गएमा जिल्ला खेलकुद विकास समिति जवाफदेही नहुने पनि जानकारी गराउँदछौं ।**

प्रदेश खेलकुद विकास परिषद्
Province Sports Development Council
बागमती प्रदेश, हेटौंडा, नेपाल

**जिल्ला खेलकुद विकास समिति मकवानपुर**

# बदामसँग कविता कार्यक्रम सम्पन्न



*झरना साहित्यक परिवारको कार्यक्रम पश्चात सामुहिक तस्वीर खिचाउँदै*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको अग्रणी साहित्यिक संस्था झरना साहित्यिक परिवार (झसाप) मकवानपुरको आयोजनामा बदामसँग कविता कार्यक्रम सम्पन्न भएको छ । झसापको २९८ औँ साहित्य शृङ्खलाका अवसरमा शुक्रबार हेटौंडा-१७ मा रहेको जुरेथुम पर्यटकीय पार्कमा कार्यक्रम भएको हो ।

कार्यक्रममा करिब तीन दर्जन सर्जकहरुले बदाम र सुन्तला खाँदै कविता वाचन गर्नुभएको संस्थाका अध्यक्ष विश्वनाथ सञ्जेलले जानकारी दिनुभयो। कार्यक्रमका प्रमुख अतिथिको रुपमा मन्तव्य राख्नुहुँदै नियात्राकार निर्मोही व्यासले यात्राले काव्य लेखनमा सहजता प्रदान गर्ने बताउनुभयो । उहाँले झरना साहित्यिक परिवारले राम्रो काम गरिहेकोमा संस्थाको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा संस्थाका संरक्षक रमेशमोहन अधिकारी, सल्लाहकार दीपक गौतम, साहित्यकार समिर पाखिन, पुरुषोत्तम आचार्य, डीबी बर्तौला, सानु खनाल, सुवास खनाल, भावना सापकोटा, बैकुण्ठ लामिछाने, सागर तिमल्सिना, सुबास सजल, किशन पोडेल, गोकर्ण लामा, स्वस्तिका बानियाँ, देव निर्दोष, गायत्री रुपाखेती, विश्व राई, सन्तराम राई, अजर फुयाँल, ओमभक्त भण्डारीलगायत सर्जकहरुले रचना बाचन गर्नुभएको थियो । कार्यक्रममा संस्थाका संरक्षक उद्धवप्रसाद सापकोटा, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, मुक्तककार मिथिला अधिकारी, साहित्य संगम मकवानपुरका कोषाध्यक्ष मेनु तिमल्सिनालगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा झरना साहित्यिक परिवारले प्रकाशन गर्दै आएको झरना साहित्यिक अर्धवार्षिक पत्रिका 'झरना'को ४० औँ अङ्क पनि विमोचन गरिएको थियो । कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष सञ्जेलले गर्नुभएको थियो भने सहजीकरण संस्थाका सचिव मसान उपासकले गर्नुभएको थियो ।

झरना साहित्यिक परिवार मकवानपुरले हरेक महिना नियमित साहित्य शृङ्खला गर्दै आएको छ। संस्थाले आगामी महिना बकैया गाउँपालिकामा विद्यार्थीहरूका लागि चित्रकला तथा हस्तकलासम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने संस्थाका सहसचिव सन्तराम राईले बताउनुभयो ।

# सत्ता गठबन्धनका उम्मेदवार जिताउन समिति गठन

काठमाडौंः सत्ता गठबन्धनले राष्ट्रियसभाका उम्मेदवार जिताउन प्रदेश तहमा पनि निर्वाचन समन्वय समिति बनाउन सुरु गरेको छ । राष्ट्रियसभामा गठबन्धनका उम्मेदवारलाई जिताउनका लागि सबै प्रदेश र जिल्लामा समन्वय समिति बनाउने केन्द्रीय निर्णयअनुसार बागमतीमा समन्वय समिति गठन गरिएको हो ।

बागमतीमा तीन सदस्यीय समन्वय समिति गठन गरिएको छ। एकीकृतरुपमा चुनावी समन्वय गर्न नेपाली कांग्रेसको बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको संयोजकत्वमा समिति गठन गरिएको हो । समितिको सदस्यमा माओवादी केन्द्रका बागमती प्रदेश अध्यक्ष सरल सहयात्री पौडेल र एकीकृत समाजवादीका प्रदेश अध्यक्ष सावित्रा भुसाल छन् ।

प्रदेशसभाभित्रका सदस्यहरुलाई समन्वय गर्ने गरी अर्को समन्वय समिति गठन गरिएको छ। उक्त समितिको संयोजक बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई जिम्मेवारी दिइएको छ। उक्त समितिको थप सदस्यहरुमा कांग्रेसका संसदीय दलका नेता बहादुर सिंह लामा र एकीकृत समाजवादीका संसदीय दलका नेता कृष्ण खनाललाई जिम्मेवारी दिइएको छ ।

प्रदेशभित्र रहेका महानगर, उपमहानगर र नगरपालिकाका प्रमुख तथा उप प्रमुखसँग समन्वय गर्न नगरपालिका महासंघका बागमती प्रदेश अध्यक्ष उपेन्द्र कार्कीलाई जिम्मेवारी दिइएको छ । गाउँपालिका अध्यक्ष र उपाध्यक्षका लागि समन्वय गर्न गाउँपालिका महासंघ बागमती प्रदेश अध्यक्ष कर्णबहादुर थापा मगरलाई दिइएको छ ।

*(स्रोतः अनलाइनखबर)*

## वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग–३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन, २०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौँ । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**दीपक खड्का**
**वडा अध्यक्ष तथा**
**१४ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**

# क्षीरसागर दुग्ध उत्पादक सहकारीको अध्यक्षमा पुनः पुडासैनी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ स्थित क्षीरसागर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको अध्यक्षमा पुनः शालिकराम पुडासैनी चयन हुनुभएको छ। शुक्रबार भएको सहकारीको छैटौँ साधारणसभाबाट पुडासैनीको अध्यक्षतामा नयाँ सञ्चालक समिति चयन भएको सहकारीका व्यवस्थापक देवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

समितिको उपाध्यक्षमा बासुदेव पौडेल, सचिवमा तारादेवी कप्रौला, सहसचिवमा गीता राना र कोषाध्यक्षमा जम्बरबहादुर बानियाँ चयन हुनुभएको छ । समितिको सदस्यमा पूर्णकुमारी बस्नेत, मञ्जु बिडारी, भीमसेन हुमागाई, तेजराज रिमाल र लीलानाथ अगस्ती चयन हुनुभएको छ । यसैगरी सहकारीको लेखा सुपरिवेक्षण समितिको संयोजकमा कृष्णप्रसाद खनाल र सदस्यहरुमा धर्मेन्द्र भट्ट र सावित्री गजुरेल चयन हुनुभएको छ । सञ्चालक समितिको कार्यकाल ४ वर्षको रहनेछ ।

सहकारीमा सबैभन्दा बढी दूध बिक्री गर्ने पुण्यकुमारी बस्नेत प्रथम, श्रीरामभक्त गिरी द्वितीय, उद्धवप्रसाद गजुरेल तृतीय, हरिमाया पण्डित र सावित्री हुमागाईं सान्त्वना हुन सफल भएकोमा संस्थाले सम्मान गरेको श्रेष्ठले जानकारी दिनुभयो । १ सय २७ जना शेयर सदस्य रहेको सहकारीको शेयर पुँजी ५ लाख ६९ हजार ९ सय रुपैयाँ रहेको छ । सहकारीको कारोबार २ करोड २४ लाख ९४ हजार रुपैयाँ रहेको छ ।

सहकारीका अध्यक्ष पुडासैनीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा हेटौंडा-११ का वडा अध्यक्ष जुना दाहाल, सदस्य गीता सुनार, हेटौंडा उपमहानगरपालिका सहकारी महाशाखा प्रमुख हिमप्रसाद पौडेललगायतको उपस्थिति रहेको थियो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ